संघीय संसद
प्रतिनिधि सभा
आठौं अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल साउन २६ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लालकाजी गुरुङ्ग
३. मा० श्री लालप्रसाद साँवा लिम्बु
४. मा० श्री लाल बहादुर थापा
५. मा० श्री विद्या भट्टराई
६. मा० श्री विना कुमारी श्रेष्ठ
७. मा० श्री विन्दा पाण्डे
८. मा० श्री विशाल भट्टराई
९. मा० श्री विष्णु शर्मा
१०. मा० श्री बोधमाया कुमारी यादव
११. मा० श्री शक्ति बहादुर बस्नेत
१२. मा० श्री शशी श्रेष्ठ
१३. मा० श्री शान्ता चौधरी
१४. मा० श्री शान्तिमाया तामाङ पाखिन
१५. मा० श्री शेरबहादुर तामाङ्ग
१६. मा० श्री श्याम कुमार श्रेष्ठ
१७. मा० श्री सत्य नारायण शर्मा खनाल
१८. मा० श्री सत्य पहाडी
१९. मा० श्री समिना हुसेन
२०. मा० श्री सरिता कुमारी गिरी
२१. मा० श्री सरवत आरा खानम
२२. मा० श्री सिताराम महतो
२३. मा० श्री सुजाता परियार
२४. मा० श्री सुदन किराँती
२५. मा० श्री सूर्य प्रसाद पाठक
२६. मा० श्री स्मृतिनारायण चौधरी
२७. मा० श्री हरिराज अधिकारी
२८. मा० श्री हितबहादुर तामाङ्ग
२९. मा० श्री हिरा गुरुङ्ग

त्यसपछि सम्माननीय सभामुखले नेपालबाट भारत जाने क्रममा महाकाली नदी तुइनबाट पार गर्दा खसेर बेपत्ता हुनुभएका दार्चुलाका जयसिंह धामीको विषयमा मेरो पनि गम्भिर ध्यानाकर्षण भएको छ भन्नुहुँदै उक्त घटनाको सत्य तथ्य पत्ता लगाई विस्तृत विवरण सहितको जानकारी यथाशक्य छिटो प्रतिनिधि सभालाई गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभामा विपक्षी दलको नेता मा० श्री के पी शर्मा ओलीले आफ्नो नेतृत्वमा गठित सरकारले विपक्षी समेतलाई साथमा लिई काम गरेको, गलत काम कारवाहीमा संलग्न नभएको, अदालत जस्तो सबैले भरोसा गर्नुपर्ने संस्थालाई अनावश्यक रूपमा विवादमा ल्याइएको, अहिले बहुमतको समर्थन रहेको सरकारले गर्छु भनेका काम गर्न खुट्टा कमाइरहेको, सत्ता गठबन्धनको न्यूनतम साझा कार्यक्रममाथिको आफ्नो धारणा लगायत विविध विषयमा वक्तव्य दिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले देशको वर्तमान आर्थिक अवस्थाको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को उपनियम (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरूले सोध्नुभएको प्रश्नको मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले जवाफ दिनुभयो ।

१. मा० श्री महेश बस्नेत
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री राजेन्द्र कुमार के.सी.
५. मा० श्री पदम गिरी
६. मा० श्री गजेन्द्र बहादुर महत
७. मा० श्री देवेन्द्र राज कंडेल
८. मा० श्री पुष्पा भुसाल (गौतम)

| | | | |
|---|---|---|---|
| ९. | मा० श्री मन कुमारी जि.सी. | १४. | मा० श्री लक्ष्मी परियार |
| १०. | मा० श्री पार्वता डि.सी. (चौधरी) | १५. | मा० श्री मिन बहादुर विश्वकर्म |
| ११. | मा० श्री दिव्यमणि राजभण्डारी | १६. | मा० श्री मोहन प्रसाद पाण्डे |
| १२. | मा० श्री प्रकाश रसाईली (स्नेही) | १७. | मा० श्री लाल बहादुर थापा |
| १३. | मा० श्री अमन लाल मोदी | | |

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएका “नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६” र “नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल साउन २८ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव